# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
( शिक्षा, युवा तथा खेलकुद शाखा )
चोयगा, गुल्मी

प्रदेश नं. ५ , नेपाल


प.स. ०७६/७७
च.नं. ४८६

मिति : २०७६।०८।१५

विषय : आशय पत्रको लागि सूचना प्रकाशन गरिएको ।

प्रस्तुत विषयमा, शिक्षा तथा मानव विकास केन्द्र, आ.प्र.शाखा, सानोठिमी भक्तपुरको च.नं.३२ मिति २०७५।०६।२२ को पत्र वमोजिम यस छत्रकोट गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्रहरुको आ.व.२०७५/०७६ सम्मको आम्दानी खर्च सम्बन्धी लेखापरीक्षण गराउनुपर्ने भएको हुनाले ईच्छुक ईजाजत प्राप्त नेपाल चार्टड एकाउन्टेन्स संस्थामा रजिष्टर्ड लेखापरीक्षकहरुले सूचिकृत हुनको लागि तपशिलको विवरण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस छत्रकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय आर्थिक प्रशासन शाखा वा शिक्षा, युवा तथा खेलकुंद शाखामा निबेदन दिनुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

८/१५

भेषराज पन्थ
**प्रमुख प्रशासकीय अधिकृत**

तपशिल :

१. लेखापरीक्षक फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपि ।

३. फर्म/संस्था नबिकरण गरेको प्रमाणको प्रतिलिपि ।

४. स्थायी लेखा नं. प्रमाणको प्रतिलिपि ।

५. सूचिकृत दर्ता शुल्क स्वरुप रु.१,०००। जम्मा गरेको यस गा.पा.को नगदि रसिद ।

६. निवेदन ।

७. नेपाल सरकार तथा संघ संस्थामा कार्यरत परीक्षकको हकमा लेखापरीक्षण गर्न विभागीय स्वीकृती पाएको पत्रको प्रतिलिपि ।

पुनश्च : तोकिएको मिति सम्म आशय पत्र पेश गरेका लेखापरीक्षकहरुलाई शिक्षा नियमावली, २०५९ को नियम २५(१) को ढ१ र नियम २६(१) को ञ बमोजिमको प्रकिया पुरा गरेर विद्यालयहरुमा लेखापरीक्षणको लागि लेखापरीक्षकमा नियुक्ती गरिने र पारिश्रमिक गाउँ शिक्षा समितिले तोकेबमोजिम निर्धारण गरिनेछ ।

कार्यार्थ : श्री सूचना प्रविधि शाखा, छत्रकोट गा.पा.का.कार्यालय, चोयगा, गुल्मी , -सूचना website मा अपलोड गरिदिनुहुन ।


फोन नं. – ९८५७०८२७११ | ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np